# प्रदेश सभा
# सार्वजनिक लेखा समिति
## बागमती प्रदेश
## हेटौंडा, नेपाल

प.सं. मिति २०७८/०१/२९

च.नं.

### <u>शोक वक्तव्य</u>

बागमती प्रदेश सभा सदस्य एवं प्रदेश सभाको सार्वजनिक लेखा समितिका सदस्य माननीय पशुपति चौलागाईको कोरोना भाइरस संक्रमणका कारण हिजो मिति २०७८ साल बैशाख २८ गते मगलबारका दिन भएको अकल्पनिय एवं असामयिक निधनले समिति अत्यन्त मर्माहित एवं स्तब्ध भएको छ।यस दुःखद घडीमा माननीय पशुपति चौलागाई प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा सार्वजनिक लेखा समिति गहिरो समवेदना व्यक्त गर्दछ।साथै कोरोना भाइरसबाट संक्रमित उहाँकी धर्मपत्नी सुनिता चौलागाई र छोरी सुष्मा चौलागाईको शिघ्र स्वास्थ्यलाभको कामना समेत गर्दछ।

विगत एवं वर्तमान नेपालको राजनीतिक तथा सामाजिक परिवर्तनमा उहाँले गर्नु भएको योगदानको उच्च सम्मान गर्दै प्रदेश सभाको स्थापना कालदेखि नै यस समितमा क्रियाशील रही आफ्नो अमूल्य सल्लाह, सुझाव र विचारमार्फत् समितिलाई सक्षम बनाउन उहाँले खेल्नु भएको भूमिका अविस्मरणीय रहनेछ।उहाँको निधनले बागमती प्रदेश सभा, सार्वजनिक लेखा सिमित तथा देशले एक बौद्धिक, प्रभावशाली एवं असल नेता गुमाएको छ भने हामी सबैलाई अपुरणीय क्षति भएको छ।

अन्त्यमा, आम नागरिकलाई कोरोना भाइरसको संक्रमणबाट बच्न र बचाउन उच्च सतर्कता अपनाउन अनुरोध गर्दै सार्वजनिक लेखा समिति पुनः माननीय पशुपति चौलागाई प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछ।

मा. न्हुक्षे नारायण श्रेष्ठ

सभापति